स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





प्रेम दिवसको दिन पारेर आगामी फागुन २ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'दुःखी आत्मा'को प्रचारलाई आक्रामक तुल्याउन 'जोक जात्रा' कार्यक्रम गरिने भएको छ। केही चर्चित कमेडियनसँगको सहकार्यमा हुन लागेको यो कार्यक्रम देशका १० वटा सहरमा गरिने निर्माता हिमाल कडरियाले जानकारी दिए। उक्त कार्यक्रममा फिल्मका कलाकारहरु पनि सहभागी हुनेछन्।

हेको फिल्म 'दुःखी आत्मा'को प्रचारलाई आक्रामक तुल्याउन 'जोक जात्रा' कार्यक्रम गरिने भएको छ। केही चर्चित कमेडियनसँगको सहकार्यमा हुन लागेको यो कार्यक्रम देशका १० वटा सहरमा गरिने निर्माता हिमाल कडरियाले जानकारी दिए। उक्त कार्यक्रममा फिल्मका कलाकारहरु पनि सहभागी हुनेछन्। 'जोक जात्राः स्ट्याण्ड अफ कमेडी टूर अगेन' नाम दिइएको यो कार्यक्रम यही माघ ६ गते नेपालगञ्जबाट सुरु हुनेछ। त्यसपछि माघ ८ गते बुटवल, माघ १० गते नवलपुर समापन हुनेछ।

**आजको विचार...**



राजनीतिक...
(दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे

❐ वर्ष ३० ❐ अंक १७७ ❐ २०८१ माघ ७ गते सोमबार 20 January 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# निगमका दुई जहाज 'ग्राउन्डेड' : गुल्मीको हवाई सेवा एक महिनादेखि बन्द

## सर्वसाधारण मर्कामा

**रासस**

**गुल्मी,** माघ ६/यहाँस्थित रेसुङ्गा विमानस्थलमा एक महिनादेखि हवाई सेवा बन्द भएको छ । नेपाल वायु सेवा निगम (नेपाल एयरलायन्स) सँग भएका दुईवटा ट्विनअटर जहाज ग्राउन्डेड भएपछि एक महिनादेखि जिल्लामा हवाई सेवा बन्द भएको हो ।

नेपाल वायु सेवा निगम रेसुङ्गा स्टेसन प्रमुख सुमन थापाले हवाई सेवा बन्द भएपछि यहाँका यात्रुहरू समस्यामा परेका बताए । निगमले विसं २०८० वैशाख २९ गतेदेखि गुल्मीमा व्यावसायिक उडान सुरु गरेपछि जिल्लामा हवाई सेवा सञ्चालनमा आएको थियो । निगमले जिल्लामा व्यावसायिक उडान सुरु गरेसँगै सातामा तीन पटकसम्म उडान गर्दै आएको थियो । यात्रुहरूको बढ्दो चापका कारण निगमले तत्कालीन अवस्थामा उडान संख्यामा वृद्धि गरी सातामा चारपटकसम्म उडान गर्दै आएको थियो । समय समयमा निगमका जहाज ग्राउन्डेड हुन थालेपछि सातामा दुईपटक र एकपटक हुँदै हाल जिल्लामा पूर्ण रूपमा हवाई उडान बन्द भएको हो । निगमसँग थोरै मात्र ट्विनअअटर जहाज रहेको बताउँदै जहाजहरूको इन्जिन साइकल सकिएपछि सेवा अवरुद्ध बनेका विमानस्थलका स्टेसन प्रमुख थापाले जानकारी दिए । दुईवटा ट्विनअटर जहाज ग्राउन्डेड भएका र ग्राउन्डेड भएका जहाजको मर्मत गर्ने काम भइरहेकाले जिल्लामा सेवा नियमित हुन अझ केही समय लाग्ने उनले बताए । पछिल्लो समयमा रेसुङ्गा विमानस्थलबाट निगमले साताका एकपटक बिहीबार मात्र उडान गर्दै आएको थियो । गुल्मीको रेसुङ्गा विमानस्थलमा नेपाल वायु सेवा निगमको १८ सिट क्षमताको ट्विनअटर जहाजले काठमाडौँबाट बिहान ६:३० बजे र रेसुङ्गा विमानस्थलबाट बिहान ७:३० बजे उडान गर्दै आइरहेको थियो । निगमले काठमाडौँबाट रेसुङ्गाका लागि सात हजार पाँच सय र रेसुङ्गाबाट काठमाडौँका लागि सात हजार तीन सय भाडादर निर्धारण गरेको छ । दिउँसोको समयमा अत्यधिक हावाको चाप हुने भएकाले बिहानको समयमा मात्र उडान गरिँदै आएको विमानस्थल कार्यालयले जनाएको छ । यहाँबाट काठमाडौँका लागि २१ महिनाको अवधिमा एकतर्फी रूपमा ९० वटा उडान भइसकेका छन् । हालसम्म दुवैतर्फबाट गरी दुई हजार दुई सय ५३ यात्रुले हवाई सेवा लिएका स्टेसन प्रमुख थापाले जानकारी दिए । पछिल्लो समयमा हवाई सेवा सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकको संख्यामा समेत वृद्धि हुँदै गएको थियो । हवाई सेवाका लागि यात्रुहरूको अत्यधिक चाप हुँदाहुँदै पनि निगममा जहाज अभाव हुँदा नियमित सेवा सञ्चालन गर्न नसकिएको थापाले बताए ।



### सक्षिप्त समाचार

## विद्रोहीको आक्रमणमा परी ६० को मृत्यु

**(रासस/एएफपी)**

**तिबु,** माघ ६/कोलम्बियामा नेशनल लिबरेसन आर्मी (इएलएन) विद्रोहीको आक्रमणमा परी कम्तीमा ६० जनाको मृत्यु भएको छ । कोलम्बियामा अहिले पनि सक्रिय सशस्त्र समूहमध्ये सबैभन्दा ठूलो बामपन्थी लडाकू समूह नेसनल लिबरेशन आर्मी (ईएलएन) का लडाकूहरू हालैका दिनहरूमा भएको भिडन्तमा कोलम्बियाको रिभोल्युसनरी आर्म्ड फोर्सेज अफ कोलम्बिया (फार्स) का विद्रोहीहरूविरुद्ध उत्रेका छन् । भेनेजुएलासँग सीमा जोडिएको अशान्त क्याटाटुम्बो क्षेत्रमा पछिल्लो आक्रमणपछि भएको भिडन्तमा मृत्यु हुनेको सङ्ख्या ६० पुगेको अधिकारीहरुले शनिबार बताएका छन् । प्रतिद्वन्द्वी समूहहरूले वर्षौंदेखि यस क्षेत्रमा कोकिनको व्यापारनियन्त्रणका लागि लडाइँ गर्दै आएका छन् । कोलीम्बयामा सन् २०१६ मा फार्कसँग ५० वर्षभन्दा लामो युद्धपछि शान्ति सम्झौता भएको थियो । ईएलएनको दक्षिणपन्थी अर्धसैनिक बल क्लान डेल गोल्फोसँग पनि भिडन्त भएको थियो, जुन देशको सबैभन्दा ठूलो 'कोकिनको कारोकार (ओसारपसार)' गर्ने समूह हो । सैन्य कमाण्डर जनरल लुइस एमिलियो कार्डोजोले नाजुक अवस्था छ ।' सर्वसाधारणमा व्यापक असर छ ।

**सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।**

सार्वजनिक निकायले:
- अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

सूचना मागकर्ताले:
- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु

**पाल्पा,** माघ ६/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूकुम पश्चिम, धनुषा र कैलालीमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको हो ।

रूकुम पश्चिमको चौरजहारी नगरपालिका-१ स्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । क.प्र.०३-००१ प ०४७३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही नगरपालिका-१ लामिछाने गाउँका ३५ वर्षीय किरणजिबी लामिछानेको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको मिसन अस्पताल चौरजहारीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै धनुषाको जनकपुरधाम उपमहानगरपालिका-२३ स्थित सडकमा मोटरसाइकलले स्कुटरलाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । बीआर ०६ डिजे २६३२ नम्बरको मोटरसाइकलले ज.१२ प ६०३८ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटरमा सवार महोत्तरी पिपरा गाउँपालिका-५ की ६० वर्षीया राजमरी देवीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको नोबेल अस्पताल विराटनगरमा थप उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका स्कुटर चालकको जानकी हेल्थ केयर जनकपुरमा र मोटरसाइकल चालकको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ । यस्तै कैलालीको बर्दगोरिया गाउँपालिका-२ झगडपुरस्थित सडकमा अटो र मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । भे.२ स ५६६१ नम्बरको अटो र सु.प.प्र.०१-००९ प ४०५३ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा अटोमा सवार सोही ठाउँ बस्ने केशव आलेमगरकी छोरी ६ वर्षीया आरती आलेमगरको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको बर्दगोरिया अस्पताल बौनिया हुँदै नव जीवन अस्पताल धनगढीमा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका अटोमा सवार ४ जना र मोटरसाइकलमा सवार १ जनाको बर्दगोरिया अस्पताल बौनियामा उपचार भइरहेको छ । अटो र मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । तीन वटै घटनाका विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कानूनी राज्यमाथि आक्रमण

सहकारी घोटाला प्रकरणमा न्यायलयको कठघरामा तानिएका रास्वपाका सभापति तथा पुर्वगृहमन्त्री रवि लामिछाने अहिले कुनै हिन्दी फिल्मका डन जस्तै भएका छन् । उनका हरेक अभिनयले देशका विभिन्न स्थानमा अनेकौं मञ्चनहरु मच्चाई रहेका छन् । हालै काठमाडौं जिल्ला अदालतबाट भएको धरौटी बुझाउने गरी फैसला भएपछि रास्वपाका कार्यकर्ता र नेता समेत संलग्न भई कानून व्यवसायी माथि भएको आक्रमणले न्याय क्षेत्रमा खुबै चर्चा पाएको छ ।

हुन त, हामी कहि कतै पनि सुरक्षित छौं, भनेर गर्भ गर्ने ठाउँ देखिदैन् तर पनि कानून व्यवसायी माथि नै आक्रमण गर्ने दुष्प्रयासले गर्दा कानूनी राज्यमा वितण्डा मौलाएको होकि भन्ने आशंका भने दहँसँग उब्जिएको छ । न्यायलयमा बहस पैरवी गर्ने र कानूनी प्रमाण पेश गरेर आफ्ना पक्षलाई मुद्धा जिताउन पहल गर्ने कानून व्यवसायीको आफ्नो कानूनी धर्मप्रति पनि अंकुश लगाएर भौतिक रुपमा आक्रमणमै उत्रनु आफैमा अराजकता र कानूनलाई हातमा लिएको भन्ने बाहेक केही पनि हुन सक्दैन । चाहे जो जहाँ जसरी भए पनि कानूनी अधिकारका लागि बहस पैरवी गर्ने अधिकार राख्दछ । त्यो अधिकारको वास्ता नगर्ने अनि, मेरो मुलुकमा न्याय, मरेको छैन भन्ने जस्ता फजुलयुक्त अभिव्यक्ति दिने स्वयं रवि लामिछानेको कतिपय मिडिया र कानून व्यवसायी प्रतिका धारणा अनि व्यवहार एक आपसमा बाझिनु आफैमा दुर्भाग्यपुर्ण अवस्था हो ।

मुलुकका हरेक घटना र परिघटनामा न्यायको पक्षमा सधै वहस पैरवी गर्नेलाई बेला बेलामा आक्रमणका धम्की दिनु र फैसला भए लगत्तै भौतिक आक्रमण हुनु आफैमा दुर्भाग्यपुर्ण घटना हो । यो घटनामा संलग्न दोषी उपर कारवाहीको प्रक्रिया अगाडि नबढ्ने हो भने मुलुकको कानूनी राज्यको सही सदुपयोग हुन्छ भन्ने कुरामा विश्वस्त हुन सकिने अवस्था छैन् । नयाँ डन हुन या, पुराना जो जसले पनि कानूनी राज्यमा कानूनकै धज्जी उठाउन खोज्छ भने, त्यसलाई कारवाहीको दायरामा ल्याउन जरुरी छ ।

## Opinion @ Social Network

भाग्य खराब थिएन्, बस भरोसा गलत मान्छे माथि थियो...!

**बिमला भण्डारीको *फेसबुकबाट*** *;https://www.facebook.com/Bimala .b123*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिक अस्थिरताको मियो व्यवस्था नभएर शासक



डा. गणेशप्रसाद घिमिरे

*नेपाल र नेपालीको सुरक्षामा अहिले पनि सरकार कमजोर बनेर उपस्थित भएको छ । कानुनी राज्यको खिल्ली उडाइएको छ । राम्राभन्दा पनि हाम्रा भन्ने भावनाले नेपालका राजनीतिक दलले आफूलाई केन्द्रमा राखेको देखियो ।*

राजनीतिक व्यवस्था आफैंमा अस्थिर हुँदैन । अस्थिर शासक हो । शासकको अस्थिरताले नै राजनीतिलाई विचलनको खाडलमा धकेलेको हुन्छ । त्यसैले शासकको स्थिरता नै राजनीतिको भविष्यसित जोडिएको हुन्छ । शासकको अस्थिर र अव्यवस्थित राजनीतिक साँठगाँठले देशको शासकीय पद्धति नै धर्मराउने गरेको हुन्छ । राजनीतिक स्थिरता नै देशविकासको पहिलो मेरुदण्ड हो । राजनीतिक अस्थिरताले देशको विकासमा मात्र होइन सबै क्षेत्रमा तहसनहस बनाउने अवस्था सिर्जना भएको हुन्छ । स्थिरता र स्थायित्वका माध्यमबाट देशको काँचुली फेर्ने अवस्थाको पहिचान आजको राजनीतिक भविष्यको मर्म पनि हो । व्यवस्था आफैंमा राम्रो वा नराम्रो होइन । व्यवस्थाका सञ्चालक वा राजनीति गरेर सत्तारोहण गर्ने व्यक्ति कस्तो हो भन्ने सन्दर्भलाई राजनीतिक विचाराधाराले बोकेको हुन्छ । हाम्रो सनातन परम्परामा रामलाई सबैभन्दा उत्तम राज्य सञ्चालक मानिएको छ । रामले शासन गर्नुपूर्व उक्त राज्यका सञ्चालक रामका पिता दशरथ थिए । दशरथको समयमा राज्यको व्यवस्थापकीय पक्ष र मन्त्री कति थिए । रामले नै राज्यको सुधार गरे वा दशरथको समयमा नै अयोध्याको शासन व्यवस्था गतिलो थियो भन्ने सन्दर्भलाई मूलरूपमा हेर्नुपर्ने देखिन्छ । सूर्यवंशी राजा दशरथ आफ्नो वचनप्रति पूर्ण विश्वस्त थिए । दृढ थिए । आफ्नो निर्णयका विरुद्ध कहिले पनि गएनन् । आफूले बोलेको कुरालाई जस्तोसुकै अवस्था आए पनि पूरा गरेर छाड्थे । त्यो उनमा देखिएको शासकीय विचार थियो । पद्धति थियो । विश्वास थियो । शासन चलाउने सन्दर्भमा उनले आफ्ना गुरु र विद्वान्सित अनिवार्य परामर्श लिने गर्दथे । त्यसैले नै रामको राज्यलाई दशरथको शासकीय विचारले सहयोग गरेको थियो ।

**दशरथको शासन :** प्रधान शासकलाई शासकीय मार्गमा गतिशील बनाउने आधार मन्त्री हो । मन्त्रीको रायसुझावलाई शासकले अनिवार्य रूपमा मानेको हुनुपर्दछ । मन्त्रीले दिने सल्लाह वा राय देशको र राज्यको हितमा हुनुपर्दछ । राज्यको हितमा भएन भने शासकले मन्त्रीका निर्देशन नमान्न पनि सक्छ यो सत्य हो । दशरथको शासकीय व्यवस्था कस्तो थियो भन्ने सन्दर्भमा

***तां पुरीं स महातेजा राजा दशरथो महान् शशास शमितामित्रो नक्षत्राणीव चन्द्रमा ।।*** चन्द्रमाले नक्षत्रलोकमा जसरी शासन गरे त्यसरी नै दशरथले अयोध्यामा शासन गरे । चन्द्रमालाई नक्षत्रका पति मानिन्छ । दशरथको शासकीय व्यवस्था कति सुदृढ थियो भन्ने सन्दर्भमा उल्लेख गरिएको छ । राज्यको व्यवस्थापकीय सन्दर्भलाई बाहिर ल्याउने सन्दर्भमा मन्त्रीको विचार विमर्शलाई प्राथमिकतामा राखिएको हुन्छ । मन्त्रीले प्रधान शासकलाई सही मार्ग देखाउनुपर्दछ । मन्त्री देशको सबैभन्दा महत्तम पदमा रहेको व्यक्ति विद्वान् हुनुपर्दछ । मन्त्रीको संख्या कम हुनुपर्दछ । राजा दशरथको शासनमा जम्मा आठ मन्त्री थिए ।

***अष्टौ बभूवुर्वीरस्य तस्यामात्या यशस्विन: शुचयश्चानुरक्ताश्च राजकृत्येषु नित्यश: ।।***

राजा दशरथका आठ मन्त्री थिए । मन्त्रको तत्वलाई बुझ्ने र जान्ने मानिसका बाहिरी परिवेश हेरर नै मनको कुरालाई बुझ्न सक्थे । उनीहरू सधैं राजाको हित र कल्याणमा समर्पित रहने गर्दथे । मन्त्रीको आचारविचार शुद्ध थियो । त्यसैले अयोध्याका राजा दशरथको यश चारैतिर फैलिएको थियो । शासन गर्ने सन्दर्भमा उनी आफ्नो राज्यको मात्र होइन अन्य राज्य वा शत्रुपक्षका बारेमा पनि पूर्णरूपमा जानकार थिए । शासनमा यति सुदृढ थिए उनलाई सबै राज्यको जानकारी उनलाई प्राप्त थियो ।

***तेषामविदितं किंचित् स्वेषु नास्ति परेषु वा क्रियमाणं कृतिं वापि चारेणापि चिकीर्षितम् ।।***

आफ्नो शत्रुपक्षको सबै कुरा उनलाई जानकारी रहन्थ्यो । अन्य राज्यका राजा के गर्दथे के गरिरहेका थिए के गर्दैछन् के गर्न चाहन्थे उनलाई सबै गुप्तचरहरूले बताउने गर्दथे । रामराज्यलाई जसरी सनातन परम्पराको सबल व्यवस्था मानिन्छ । रामराज्यको आगमनपूर्वका राजा दशरथको शासकीय स्वरूपले रामलाई बल प्रदान गरेको देखिन्छ । राजा दशरथ आफ्नो राज्यमा मात्र चर्चित थिएनन् । उनी विदेशमा ख्याति पाएका

***शासक थिए भन्ने सन्दर्भ हो यो : विदेशेष्वपि विज्ञाता:सर्वतो बुद्धि निश्चय ।।***

विदेशका सबै शासक पनि उनलाई सम्मान गर्दथे । उनी बुद्धिबाट पूर्णरूपमा व्यवस्थित थिए । अयोध्याका राजा दशरथ तत्कालीन समयका सबल शासक मानिएका थिए । उनको शासकीय व्यवहार र पद्धति राजनीतिक विचारबाट होइन शासकको व्यवहारबाट चलेको थियो । उनको शासनमा मानिसको व्यवहार र व्यावहारिक पद्धति गतिलो शासकीय आधारमा चलेको थियो । उनले मन्त्रीको संख्यामा बढोत्तरी गरेनन् । आचार्य वशिष्टको गुरु परम्परामा रहेको र उनको सल्लाहबाट राजकाज चलाएको तथ्यलाई पूर्णरूपमा व्यवस्थित गरिएको देखिन्छ । तत्कालीन समयको राजतन्त्र भए पनि शासकले व्यवस्थित तरिकाले शासन चलाउँथे भन्ने सन्दर्भलाई दशरथको शासकीय व्यवहारले देखाएको छ । शासन र व्यवस्था जस्तोसुकै भए पनि शासकमा विद्यमान् उसको व्यावहारिक पक्षले शासनलाई गतिलो तरिकाले बाहिर ल्याएको देखिन्छ । राजा दशरथ आफ्नो शासनकालमा यदि छोराले पनि गलत काम गरेको भए दण्ड दिन पछि पर्दैनथे ।

***प्राप्तकालं यथा दण्डं धारयेयु: सुतेश्वपित ।।***

उनले अपराध गरेमा आफ्ना आफन्त मात्र होइन छोरालाई पनि दण्ड दिने गर्दथे । यही थियो दशरथको शासकीय पद्धति जसले रामराज्यलाई आधारभूमि दिएको थियो । हामी बिचरा ! हाम्रो देश शासकीय व्यवहारमा आज गणतन्त्रात्मक मुलुक हो । गणतन्त्र आएको सत्र अठार वर्ष बितिसकेको छ । आज पनि नेता भाषण गर्दा शिशु गणतन्त्र भनेर कुर्लिरहेका छन् । कहिलेसम्म शिशु रहने हो । यो जानकारी न नेपालका नेता न नेपाली जनतालाई थाहा छ । शासन व्यवस्था गतिलो छ । यो व्यवस्थालाई ल्याउन नेपालीको बलिदानलाई पनि बिर्सन सकिँदैन । नेपालीले बगाएको आलो रगतबाट आएको गणतन्त्रले नेपालीका दु:ख र पिरमर्कालाई बुझ्नुपर्ने हो बुझेको देखिँदैन । शासक आ्नो हितका लागि होइन । शासक देशको हो । देशको हितका लागि शासक आवश्यक भएको हुन्छ । त्यसैले गतिलो शासकबाट शासित देशले जहिले पनि प्रगतिको बाटो पहिल्याएको हुन्छ । हामी विभिन्न चरणका आन्दोलनले विभिन्न प्रकारका शासन व्यवस्थाको अनुभूत गर्ने भाग्यशाली नेपाली हौं । शासकीय व्यवस्थामा परिवर्तन र त्यसले ल्याएको नयाँ व्यवस्थालाई सञ्चालन गर्ने व्यक्ति पुरानै भए । आजको शासक देशहितमा समर्पित हुनुपर्नेमा त्यसो हुन सकेको देखिँदैन । देशको व्यवस्था फेरियो । शासकीय आधार फेरिए । केन्द्रीकृत शासन प्रणालीलाई विकेन्द्रीकरण गरियो । गाउँगाउँमा सिंहदरबारका नारा लागे । सोही अनुसार सावधिक निर्वाचन पनि भयो । शासक गाउँगाउँमा विकासका लहर फुटाउन थाले । नेपालीका सपना पूरा हुने भए । सपनाको संसारमा विचरण गरेको युवापुस्ताले नेतृत्व गर्ने अवसर पनि पायो । क्रान्तिकारी भाषण छाँट्ने नेता पनि मन्त्री भयो । देशको काँचुली हामीले फेर्ने हो भन्ने पनि देखिए । नेपालीले आफ्नो मतको भरपूर प्रयोग पनि गरेको देखियो । उत्साहबर्धक मतदान पनि भयो । स्थानीयतहले आफैं कर निर्धारण गरेर आफूलाई तलबभत्ताको व्यवस्था पनि नगरेको होइन गरेरै छाड्यो । नेपाली जनताको सपना साकार हुने कुरा निश्चित प्राय: देखियो । रु थप सामग्रीसमानुपातिक निर्वाचन प्रणालीबाट सबै जातजातिको प्रतिनिधित्व पनि भयो । अब देशमा रोजगार सिर्जना हुने विश्वास पढेलेखेको जनमानसमा अटेसमटेस भएर भरियो । हामी साँच्चै नै नयाँ नेपालको पर्खाइमा रहेको तथ्यलाई अस्वीकार गर्न मिलेन । यही थियो साधारण नेपालीको सपना पनि । पहिलो निर्वाचनपछि देखिएको सत्ताको खेलले सबै नेपालीलाई अचम्भित पार्‍यो । स्थानीयतह भ्रष्टाचारका अखाडा बने । मूल शक्तिका विरुद्ध प्रचारबाजी गरेर नयाँ शक्तिको उदय भयो । नयाँ शक्तिलाई नेपाली जनताले मत पनि दिए । आज सामाजिक अभियन्ताका नाममा विभिन्न विकृति नेपाली समाजमा भित्रिए । नेपालको शिक्षित युवा स्वदेशमा बसेर केही गर्न सक्ने अवस्थामा छैन । २०६० पछिको पुस्ताका लागि राजनीतिक दलले कुनै पनि राजनीतिक स्थिरताका र रोजगारको व्यवस्था गर्न सकेनन् । राजनीतिक दलका कार्यकर्ता र आफन्तमात्र पोसिए । उनीहरूका आफन्तमात्र नियुक्तिका भागीदार बने । राजनीतिक स्थिरतालाई राजनीतिक दलले स्थापना गर्न सकेनन् । विदेशी भूमिमा जान लामबाद्ध बनाए युवालाई । विदेशी गल्लीमा अध्ययन तथा कामका शिलशिलामा नेपालीहरू बाहिर हानिए । विदेशमा रहेर नै देश र देशका नेताका बारेमा विष बमन गर्न थाले । आफू विदेशी नागरिक भएर पनि देशमा आएर अभियन्ताका नाममा सरकार र सरकारी नियम कानुनको खिल्ली उडाउन थाले । अपराधीविरुद्ध बहस गर्ने वकिल सडकमै पिटिन थाले । यही हो गणतन्त्र र त्यसले दिएको उपहार । आजको राजनीति स्वार्थरहित हुन सकेन । राजनीतिक दलका कार्यकर्तालाई विभिन्न ठाउँमा नियुक्त गर्ने परम्पराले आजको नेपाललाई गाँजेको देखियो । शासकले सामान्य अवस्थामा पनि आफूलाई सुरक्षित गरेको देखियो । नेपाल र नेपालीको सुरक्षामा अहिले पनि सरकार कमजोर बनेर उपस्थित भएको छ । कानुनी राज्यको खिल्ली उडाइएको छ । राम्राभन्दा पनि हाम्रा भन्ने भावनाले नेपालका राजनीतिक दलले आफूलाई केन्द्रमा राखेको देखियो । अयोध्यकालीन दशरथको शासन त आउन सक्दैन । राजनीतिक दलको भविष्य पनि अबको अवस्थामा सुरक्षित देखिँदैन । राजनीतिक दल विचार र दर्शनमा चल्नुपर्ने हो चल्न सकेनन् । व्यक्तिगत लहडका रूपमा उनीहरू चले । यही कारणले नेपालको राजनीतिमा बेथितिका चाङ देखियो । सच्चिने र आफूलाई सुरक्षितमात्र होइन देशका जनतालाई पनि आधार बनाएर राजनीति गर । दशरथ नबने पनि नेपालको भूगोल र नेपालीलाई माया गर्ने राजनीति गर । देशको विकास नेपालीको उन्नतिलाई मनमा राखेर राजनीति गर ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लगनशीलताले सफलता मिल्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **तुला** : अघि योजना बनाएर कार्य प्रारम्भ गर्नुहोस्। परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन्छ। |
| **वृष** : नयाँ कार्य प्रारम्भ गर्दा लाभ मिल्नेछ । कृषि क्षेत्रबाट आय आर्जन गर्न सकिनेछ। | **वृश्चिक** : अरुमाथि विश्वास नगर्नुहोस्। शुभचिन्तकहरूको साथ र सहयोग मिल्नेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा बाधा हुनेछ। सर कारी नोकरीमा प्रभाव बढ्नेछ। | **धनु** : भोजनको आनन्द मिल्नेछ। स्वास्थ्यमा खानपानको ध्यान राख्नुहोला। |
| **कर्कट** : शिक्षकको सहयोग मिल्नेछ। विशेष सफलताको लागि प्रतिक्षा गर्नुपर्ने देखिन्छ। | **मकर** : लक्ष्यमा ध्यान केन्द्रित गरेर कार्य गर्नुहोस् । धार्मिक यात्राको रूपरेखा बन्नेछ। |
| **सिंह** : बौद्धिक व्यक्तिहरूसँग प्रतिस्पर्धा हुन सक्छ।अध्ययनमा सफलता मिल्नेछ। | **कुम्भ** : यवसायमा लाभ रहनेछ। संवैधानिक पदको मर्यादा राख्नुहोला। |
| **कन्या** : दिन मनोरञ्जनपूर्ण रहनेछ।प्रेम र मित्रताको बन्धन कसिनेछ। | **मीन** : सोचेजस्तो सहयोग नमिल्ला । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। |

# शिक्षा

# पढाइमा कमजोर हुँदै नेपाली विद्यार्थी, राज्यको शिक्षा नीतिप्रति नै उठ्यो प्रश्न



२०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा ४७.८७ प्रतिशत मात्रै पास भए । अर्थात्, ५२.१३ प्रतिशत परीक्षार्थी फेल भए । त्यस्तै, माथिल्लो कक्षा पढ्न लागेका शतप्रतिशत विद्यार्थीमध्ये कक्षा १२ मा ५२.९१ प्रतिशत मात्रै पास भए । अर्थात्, ४७.०९ प्रतिशतको नतिजा ननग्रेडेड (एनजी) आयो । विद्यालय तहमा मात्र होइन, उच्च शिक्षाको नतिजासमेत कमजोर छ । देशभरबाट झन्डै ८० प्रतिशत विद्यार्थी उच्च शिक्षा पढ्ने निकाय भनेको त्रिभुवन विश्वविद्यालय (त्रिवि) हो । त्रिविको पास हुने दर २९.३३ प्रतिशत मात्रै छ । त्यहाँ पढ्ने ७०.६७ प्रतिशत विद्यार्थी फेल हुन्छन् । यो यथार्थ विश्वविद्यालय अनुदान आयोगको सन् २०२१/२२ को तथ्यांकले देखाएको हो । सुदूरपश्चिम र मध्यपश्चिम विश्वविद्यालयको त उत्तीर्ण-दर २५ प्रतिशत पनि पुग्न सकेको छैन । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अध्ययनले पढाइको गुणस्तर खस्किँदै गएको देखाएको छ । कक्षा ५ को नतिजाको सन्दर्भमा सन् २०१८ को तुलनामा २०२२ मा गणित विषयको सिकाइ उपलब्धि घटेको देखाएको हो । सन् २०१८ को तुलनामा २०२२ मा ५०० को तुलनामा ४८४.६ पुगेको देखाएको हो । नेपालीको सिकाइ उपलब्धिमा भने खासै फरक नपरेको केन्द्रको प्रतिवेदनमा उल्लेख छ । विद्यालय र उच्च शिक्षाको हकमा मात्र नभई शिक्षक सेवा आयोगलगायत विभिन्न निकायले लिने परीक्षाको नतिजासमेत कमजोर देखिने गरेको छ । आयोगले लिने शिक्षक पदको विज्ञापनमा कतिपय विषयमा मागभन्दा कम उत्तीर्ण हुने गरेका छन् । शिक्षक अध्यापन अनुमतिपत्रको हकमा अवस्था झन् कमजोर छ । निमावि तहको लाइसेन्स परीक्षामा ९.१७ प्रतिशत मात्रै उत्तीर्ण भए । गत मंसिरमा सञ्चालन भएको परीक्षामा एक लाख १९ हजार ६९९ जना सहभागी थिए । जसमध्ये १० हजार ९७४ जना मात्रै पास भए । अर्थात्, ९०.८३ प्रतिशतले पास गर्न सकेनन् । विद्यालय तहदेखि विश्वविद्यालय तह मात्र नभई अन्य निकायसम्म पनि सिकाइको स्तर कमजोर देखिन्छ । यसले नेपालको शिक्षा नीतिप्रति नै प्रश्न खडा भएको छ । विद्यालय तहको शिक्षाको स्तर कस्तो छ भन्ने विषयमा सरकारले आफैं अध्ययन गर्छ । त्यसका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण गर्दै आएको छ । केन्द्रले गत वर्ष कक्षा ५ र १० का विद्यार्थीको उपलब्धिको परीक्षण गरेको थियो । कक्षा ५ को सिकाइ सक्षमतालाई चार तह (प्रि-बेसिक, बेसिक, प्रोफिसिन्ट र एड्भान्स) मा विभाजन गरी विश्लेषण गरिँदै आएको छ । कक्षा १० को सक्षमतालाई ६ तह (बिलो-बेसिक, बेसिक, प्रोफिसिन्ट-१, प्रोफिसिन्ट-२, प्रोफिसिन्ट-३ र एड्भान्स)मा विभाजन गरी विश्लेषण गरिँदै आएको छ । सिकाइ स्तरका हिसाबले विषयगत रूपमा नतिजा फरक-फरक रहेको पाइएको छ । केन्द्रका महानिर्देशक जयराम अधिकारी कक्षा ३ को पढाइ तथा गणितीय सीपको राष्ट्रिय परीक्षण ३३ जिल्लाका ५७९ सामुदायिक विद्यालयका आठ हजार विद्यार्थीमा गरिएको सुनाउँछन् । २०७९ सालको एसईईमा प्रयोग भएका गणित, विज्ञान र अंग्रेजी गरेर तीन विषयका करिब १० हजार उत्तरपुस्तिका संकलन गरी अध्ययन गरिएको थियो । त्यसमा प्रश्नहरूको कठिनाइ स्तर एवं विभेदीकरण क्षमताको अध्ययन गर्दा तीनवटै विषयका केही प्रश्न रिभ्यू गर्नुपर्ने पाइएको थियो । विद्यार्थीको न्यून सिकाइ उपलब्धिस्तर देखिएका प्रदेशमा सिकाइ उपलब्धिस्तर अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने केन्द्रको सुझाव थियो । ५० प्रतिशतभन्दा बढी विद्यार्थीले अंग्रेजी विषयको पाठ्यक्रमले तोकेको न्यूनतम सिकाइ सक्षमता हासिल गर्न नसकेको अध्ययनले देखाएको छ । त्यस्तै, कक्षा ५ को अंग्रेजी विषयको उपलब्धि स्तर सन् २०१२ को तुलनामा २०१५ मा खस्कँदो क्रममा पाइएको थियो । विद्यालयले प्रदान गर्दै आएको शिक्षाको गुणस्तर केन्द्रले मापन गर्दै आएको महानिर्देशक अधिकारीको भनाइ छ । उनका अनुसार कमजोर नतिजा देखिएको खण्डमा सरकारलाई शिक्षा नीति परिमार्जन गर्न सुझाव दिने गरिएको छ ।

**किन खस्कियो शिक्षाको गुणस्तर ?**

राष्ट्रिय परीक्षा बोर्डले पढाइको गुणस्तर खस्किनुमा विभिन्न कारण औंल्याउने गरेको छ । बोर्ड अध्यक्ष डा. महाश्रम शर्मा तल्लो कक्षादेखि नै विद्यार्थी कमजोर हुँदा कक्षा १० र १२ को नतिजासमेत कमजोर आउने गरेको बताउँछन् । शिक्षाविद् भने उनको तर्कसँग सहमत छैनन् । शिक्षाविद् डा. विष्णु कार्की तल्लो कक्षादेखि नै विद्यार्थी कमजोर हुँदा माथिल्लोमा पनि कमजोर नतिजा आएको भन्नु हास्यास्पद भएको बताउँछन् । 'तल्लो तहमा कमजोर हुँदा माथिल्लो तहमा समेत कमजोर हुन्छन् भन्नु एक हिसाबले हेर्ने हो भने ठीकै हो । तर, कक्षा ८ पास गरेपछि मात्रै कक्षा ९ मा पढाएको हो । कक्षा ९ मा एक वर्ष पढेपछि कक्षा १० मा जान्छन्,' डा.कार्की भन्छन्, 'अनि त्यहाँ कसरी फेल हुन्छन् ? कक्षा १० मा त ४८ प्रतिशतलाई पास गरियो । कक्षा ११ मा पढेर १२ मा पढ्ने बेला लगभग ५० प्रतिशत किन फेल भए ?' शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नतिजा खस्किनुको कारण र सुधार गर्नुपर्ने विषयमा सुझाव दिन समिति बनाएको छ । परीक्षा सुधार समिति बनेको छ । पूर्वसचिव शंकर पाण्डेको संयोजकत्वमा परीक्षा सुधारका लागि समिति गठन गरिएको हो । उक्त समितिले सरोकारवालासँग छलफल चलाइरहेको छ । शिक्षाविद् डा. कार्की परीक्षाको मुख्यत: तीनवटा उद्देश्य हुने बताउँछन् । उनका अनुसार एउटा स्कोलास्टिक टेस्ट (शैक्षिक परीक्षण) भनिन्छ । यसमा पाठ्यक्रमको ज्ञानभन्दा पनि समग्रमा उसको क्षमता परीक्षण गरिन्छ । उसले विदेश पढ्न जान गरिने परीक्षण हो । यसमा कुन तहको ज्ञान छ, कुन तहको विज्ञता छ भनेर परीक्षण गरिन्छ । उनका अनुसार विद्यालयमा नै सबै कुराको सक्षमता खोज्न हुँदैन । त्यसका लागि हरेक क्षेत्रमा उत्तिकै भूमिका रहन्छ । पाठ्यक्रम विकास केन्द्रले किताबी ज्ञानलाई मात्रै भन्दा बाह्य क्षमता अभिवृद्धि गर्न त्यहीअनुसार पाठ्यक्रम विकास गरेको छ । केन्द्रका महानिर्देशक इमनारायण श्रेष्ठ सक्षमतामा आधारित पाठ्यक्रमको अवधारणाअनुसार विद्यार्थीको मूल्यांकन गर्न खोजिएको बताउँछन् । उनका अनुसार विद्यार्थीले के जानेको छ भन्ने तर्फभन्दा पनि के गर्न सक्छ भन्नेतर्फ केन्द्रित हुनुपर्छ । अहिलेको पाठ्यक्रम त्यही आधारमा भए पनि यसको कार्यान्वयन पक्ष कमजोर रहेको उनको भनाइ छ ।अर्को भनेको पाठ्यक्रममा आधारित परीक्षा हो ।

'हाम्रो स्कुलमा लिने जति शिक्षाविद् डा. कार्की महानिर्देशक श्रेष्ठले भनेझैं विद्यार्थीले शतप्रतिशत विद्यालयमा मात्रै सिक्न नसक्ने बताउँछन् । 'हिजोको दिनमा विद्यालय १०० प्रतिशत नै सिकाउने भनेका थियौं । तर, अहिले प्रविधिको युगमा सबै कुरा विद्यालयमा सिकाएर मात्रै हुँदैन । त्यसले सबै कुरा पुग्दैन । अब १०० प्रतिशतबाट घटाउनुपर्छ । विद्यालयमा एक जना शिक्षकले सबै कुरा म सिकाउँछु भनेर कामै छैन,' डा. कार्की भन्छन्, 'विद्यालयमा सबै कुरा सिकाउने होइन । त्यसका लागि विद्यालयले नेटवर्क बनाइदिने हो । अब हामीले यसलाई विद्यालयमा १०० प्रतिशत करिकुलमभित्र बसेर सबै कुरा सिक्यो भने मात्रै पास हुने भन्ने सिस्टम अन्त्य गर्नुपर्छ ।' अहिले नतिजा कमजोर हुनुको कारण परीक्षा र विद्यालयको सिकाइ बुझाइका कारणसमेत रहेको उनी बताउँछन् । 'अब विद्यालयले ४० प्रतिशतभन्दा बढी मूल्यांकन गर्न दिनुहुँदैन । ६० प्रतिशत त विद्यार्थीले बाहिर नै सिक्नुपर्छ । सबै कुरा विद्यालयभित्रै हुनुपर्छ भनेर हुँदैन । बाहिरबाट धेरै कुरा सिक्ने वातावरण बनाउनुपर्छ,' उनी भन्छन् । शिक्षा मन्त्रालयले समयसापेक्ष शिक्षा बनाउने भन्दै पाठ्यक्रम तथा परीक्षा प्रणालीमा पनि सुधारको गृहकार्य अघि बढाएको छ । शिक्षामन्त्री विद्या भट्टराई पाठ्यक्रममा समयसापेक्ष सुधार आवश्यक रहेकाले त्यसका लागि संशोधनको कार्य अघि बढिरहेको बताउँछिन् । त्यस्तै नतिजा कमजोर हुनुको कारण पत्ता लगाएर त्यसमा गर्नुपर्ने सुधारका लागि कार्यदलमार्फत काम भइरहेको उनको भनाइ छ ।

*-रातोपाटी डटकम*

# अध्यादेशप्रति शिक्षक संघको आपत्ति

नेपाल शिक्षक संघ कास्कीले नेपाल सरकारद्वारा हाल जारी गरिएको अध्यादेशबाट शिक्षकलाई योगदानमा आधारित निवृत्त कोषमा सहभागी गराउने सम्बन्धमा अध्यादेशबाट भएको व्यवस्थाप्रति आपत्ति जनाएको छट्ट । संघका अध्यक्ष राजु क्षेत्री र सचिव तारानाथ भण्डारीले आज एक विज्ञप्ति जारी गर्दै यस्तो आपत्ति जनाएका हुन्ट्ट । विज्ञप्तिमा भनिएको छ, 'नेपाल सरकारद्वारा हाल जारी गरिएको अध्यादेशबाट शिक्षकलाई योगदानमा आधारित निवृत्त कोषमा सहभागी गराउने सम्बन्धमा अध्यादेशबाट भएको व्यवस्थाप्रति नेपाल शिक्षक सै जिल्ला कार्यसमिति कास्कीको गम्भीर ध्यानाकर्षण भएको छट्ट ।'विद्यालय शिक्षा विधेयक २०८० संसदीय शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा परामर्श चरणमा छलफल भइरहेको अवस्थामा सम्बन्धित सरोकारवालासँग विना छलफल सरकारद्वारा अध्यादेश जारी गरिएको संघले जनाएको छट्ट।विज्ञप्तिमा भनिएको छ, 'विगतमा शिक्षक महासैसँग भएका ३० बुँदे, ५१ बुँदे, २०८० असोज ५ गते र १२ गतेको ६ बुँदे र ५ बुँदे सम्झौताको बेवास्ता गरी ल्याइएको यस भूतप्रभावी अध्यादेशको व्यवस्था कुनै पनि शिक्षकलाई मान्य नभएको हुँदा नेपाल शिक्षक सै कास्कीलाई पनि यो अध्यादेश किमार्थ स्वीकार्य छैनट्ट ।'चालु शिक्षा ऐनअनुसार नियुक्त शिक्षकको निवृत्तिभरण सोही ऐन तथा नियमावली बमोजिम नै हुनुपर्दछ भन्ने आफूहरुको बुझाई रहेको संघले उल्लेख गरेको छट्ट ।'तसर्थ योगदानमा आधारित निवृत्तभरण कोषमा शिक्षकलाई पनि समावेश गर्ने भन्ने कुरा नयाँ शिक्षा ऐन जारी भए पश्चात मात्र हुने व्यवस्था गर्नका लागि नेपाल शिक्षक सै कास्की जोडदार माग गर्दछ', विज्ञप्तिमा उल्लेख छट्ट । यो अध्यादेश निष्कृय गराएर शिक्षकका पेशागत माग र मुद्दालाई तत्काल सम्बोधन गर्न पनि संघले माग गरेको छट्ट । समयमै सैले उठाएका सवाल पूरा नगरेमा त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार स्वयं सरकारले लिनुपर्ने समेत संघले चेतावनी दिएको छट्ट ।

संघका अध्यक्ष क्षेत्रीले आन्दोलनका लागि तयार रहन शिक्षकहरुलाई आग्रह समेत गरेका छन्ट्ट । ४ बिषयगत समितिमा छलफलमा रहेको विद्यालय शिक्षा विधेयक संसदको हिउँदे अधिवेशनबाट पारित गराउनुको सट्टा बिषयान्तर गरेर शिक्षा र शिक्षक कर्मचारीप्रति प्रतिशोध साँध्दैछट्ट । ५ यो अध्यादेश भूतप्रभावी छट्ट । अध्यादेश प्रमाणीकरण २०८१/०९/२९, लागु हुने २०७५/१२/०४ देखिट्ट । त्यसैले नेपाल शिक्षक महासैलगायत शिक्षकका पेशागत संघ, संगठन फेरि एकपटक शिक्षक आन्दोलन भाग २ को तयारीमा जुटौंट्ट । *-हाम्राकुरा डटकम*


## रैनादेवी छहरा गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै दर्ता गरौँ ।
- वन जंगललाई आगोलागी हुनबाट बचाऔं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पदाको संरक्षण गरौँ ।
- आफ्नो गाउँ एवम् शहर बजार वरपरको वातावरण सफा राखौँ ।
- सबै खालका विभेद अन्त्य गरौँ ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौँ ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाच गराउन जाऔँ ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौँ, चर्पीमा मात्र दिसापीसाब गर्ने बानी बसालौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौँ ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौँ ।
- पानी उमालेर मात्र पिउने गरौँ ।
- सीप सिकौँ, स्वालम्बी बनौं ।
- छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- भूकम्प प्रतिरोधि संरचना निर्माण गरौँ ।
- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौँ ।
- प्लाष्टिकको प्रयोग नगरौँ, वातावरण प्रदुषण हुनबाट जोगाऔं ।
- सेवा प्रवाहमा रहेका कमी कमजोरी औल्याऔं ।
- कृषि, पशुपालनमा यूवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।

| कृष्णप्रसाद तिमिल्सिना | युवराज थापा | रुक्माङ्गत भट्टराई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# लामिछानेविरुद्ध रुपन्देही अदालतमा मुद्दा दर्ता



**बुटवल,** माघ ६/सुप्रिम सहकारी ठगी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं गोर्खा मिडिया नेटवर्क प्रालिका पूर्वप्रबन्धक रवि लामिछानेविरुद्ध जिल्ला अदालत रुपन्देहीमा मुद्दा दर्ता भएको छ । सहकारी ठगी प्रकरणमा पूर्वगृहमन्त्री समेत रहेका लामिछानेविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीले आइतबार मुद्दा दर्ता गरेको हो ।

लामिछानेसहित छविलाल जोशी र पुरक अभियोगका १४ र सुरु मुद्दाका २८ सहित ४२ जनाविरुद्ध रूपन्देही अदालतमा मुद्दा दर्ता भएको जनाइएको छ । रवि, छवि र लक्ष्मी पौडेलसहितलाई सहकारी ठगी र संगठित अपराधको कसुरमा १० करोड १९ लाख ३६ हजार रुपैयाँ बिगो माग गरिएको पूरक अभियोजन आइतबार दर्ता भएको हो । त्यस्तै यसअघि नै दर्ता भएका २८ जनामध्ये १७ जनालाई थप कसुर र थप बिगो माग गरिएको मुद्दा पनि दर्ता भएको छ । रुपन्देही प्रहरीले बुटवलस्थित सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेडको रकम अपचलन प्रकरणको अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयलाई बुझाएको थियो । सहकारीको रकम अपचलन सम्बन्धमा यसअघि लामिछाने गृहमन्त्री भएको बेला एक हजार आठ सय ३१ जना बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७ सय ५४ रुपैयाँ अपचलन गरेको दाबी २८ जनाविरुद्ध मुद्दा दायर भएको थियो । लामिछाने पोखराको सूर्यदर्शन सहकारी र काठमाडौंको कालिमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको रकम ठगीको अभियोगमा धरौटी बुझाएर रिहा भएका हुन् ।

## खेलकुद समाचार

### बाग्मती कोशीसँग १० रनले हार्‍यो

**काठमाण्डौ,** माघ ६/प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा कोशी प्रदेशले बाग्मती प्रदेशलाई १० रनले हराएको छ । कोशीले दिएको ६४ रनको लक्ष्य पछ्याएको बाग्मती १२ ओभर १ बलमा ५३ रनमा अलआउट भयो । बाग्मतीले २४ बलमा ७ विकेट गुमायो । बाग्मतीकी सबिका यादवले २०, विपिशा शाहीले नटआउट १२ रन बनाए । बाग्मतीका अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । कोशीकी ज्योति दनवार, रुबिना क्षेत्री र सङ्गीता राईले २/२ विकेट लिए ।

## अर्थ /कर्पोरेट समाचार

### नेप्से परिसूचक बढ्यो

**पाल्पा,** माघ ६/सेयर कारोबार मापक नेप्से परिसूचक बढेको छ । कारोबार साताको पहिलो दिन आइतबार १२ दशमलव ५८ अंकले बढेको हो ।अघिल्लो दिनको तुलनामा ० दशमलव ४८ प्रतिशतले बढेपछि समग्र नेप्से २ हजार ६ सय १ दशमलव २१ विन्दुमा बन्द भएको छ । सोही अवधिमा विभिन्न तीन सय २५ कम्पनीका एक करोड २९ लाख ८२ हजार छ सय १९ कित्ता शेयर ७२ हजार पाँच सय ४० पटक खरिद बिक्री हुँदा छ अर्ब २५ करोड ७२ लाख ३५ हजार छ सय २४ मा कारोबार भएका छन् । कारोबारपछि बजारपुँजीकरण १४ खर्ब ३९ अर्ब ९८ करोड ९६ लाख ४७ हजार नौ सय ३२ पुगेको छ । बोटलर्स नेपाल (बालाजु) लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ०९, साम्लिङ पावर कम्पनीको शेयर मूल्य सात दशमलव ४६, नेपाल रिपब्लिक मिडिया लिमिटेडको शेयर मूल्य सात दशमलव ३७ प्रतिशतले बढेको छ । साथै सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । त्यसैगरी एनआइसी एसिया सेलेक्ट फण्ड ३० को शेयर मूल्य छ दशमलव ९३ प्रतिशत, रिभर फल्स पावर लिमिटेडको छ दशमलव ४५ प्रतिशतले घटेको छ ।


## हार्दिक बधाई तथा शुभकामना




डाँसुराम पन्थ
अध्यक्ष



अशेष भट्टराई
उपाध्यक्ष





गंगाबहादुर खत्री
सचिव



रुपचन्द थापा
नगर अध्यक्ष



दुर्गा प्रसाद बस्याल
कोषाध्यक्ष



एनिस जोसेफ
सदस्य

यस स्कुलका प्रिन्सिपल, शैक्षिक व्यक्तित्व शिष्टर एनिस जोसेफ निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाको तानसेनमा भएको नवौं जिल्ला अधिवेशनबाट कार्यसमिति सदस्य जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँसहित हाम्रा शुभेच्छुकहरु डाँसुराम पन्थ अध्यक्ष,अशेष भट्टराई उपाध्यक्ष, गंगाबहादुर खत्री सचिव, रुपचन्द थापा नगर अध्यक्ष,दुर्गा प्रसाद बस्याल कोषाध्यक्ष र सदस्यहरुमा ताजेन्द्र कुमार थापा, दिलिप रायमाझी, क्याप्टेन देवबहादुर मश्राङ्गी, ऋषिराम अर्याल, टेकबहादुर कार्की, अनुराधा बज्राचार्य, गोपालबहादुर पि.सी, लक्ष्मण भण्डारी,जीवन रायमाझी,गणेश बस्याल निर्विरोध निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

सागरमान महर्जन
अध्यक्ष
एवं

**सेन्ट कपितानियो स्कुल परिवार**
**तानसेन, पाल्पा**



## हार्दिक बधाई तथा शुभकामना




डाँसुराम पन्थ
अध्यक्ष



अशेष भट्टराई
उपाध्यक्ष





गंगाबहादुर खत्री
सचिव



रुपचन्द थापा
नगर अध्यक्ष



दुर्गा प्रसाद बस्याल
कोषाध्यक्ष



अनुराधा बज्राचार्य
सदस्य


यस स्कुलका प्रिन्सिपल, शैक्षिक व्यक्तित्व **अनुराधा बज्राचार्य** निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाको तानसेनमा भएको नवौं जिल्ला अधिवेशनबाट सदस्य जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँसहित हाम्रा शुभेच्छुकहरु डाँसुराम पन्थ अध्यक्ष,अशेष भट्टराई उपाध्यक्ष, गंगाबहादुर खत्री सचिव, रुपचन्द थापा नगर अध्यक्ष, दुर्गा प्रसाद बस्याल कोषाध्यक्ष र सदस्यहरुमा ताजेन्द्र कुमार थापा, दिलिप रायमाझी, क्याप्टेन देवबहादुर मश्राङ्गी, ऋषिराम अर्याल, टेकबहादुर कार्की, गोपालबहादुर पि.सी, लक्ष्मण भण्डारी,जीवन रायमाझी,गणेश बस्याल,शिष्टर एनिस जोसेफ निर्विरोध निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

उत्पल कुमार बज्राचार्य
निर्देशक
एवं
विरेन्द्र काजी शाक्य
अध्यक्ष


**बिजु इङ्गलिस बोर्डिङ्ग सेकेण्डरी स्कुल परिवार**
**तानसेन-२ पाल्पा**



## हार्दिक बधाई तथा शुभकामना




डाँसुराम पन्थ
अध्यक्ष




अशेष भट्टराई
उपाध्यक्ष



गंगाबहादुर खत्री
सचिव



रुपचन्द थापा
नगर अध्यक्ष



दुर्गा प्रसाद बस्याल
कोषाध्यक्ष

यस स्कुलका प्रबन्ध निर्देशक, शैक्षिक व्यक्तित्व अशेष भट्टराई निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाको तानसेनमा भएको नवौं जिल्ला अधिवेशनबाट उपाध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँसहित हाम्रा शुभेच्छुकहरु डाँसुराम पन्थ अध्यक्ष,गंगाबहादुर खत्री सचिव, रुपचन्द थापा नगर अध्यक्ष र दुर्गा प्रसाद बस्याल कोषाध्यक्ष र सदस्यहरुमा ताजेन्द्र कुमार थापा, दिलिप रायमाझी, क्याप्टेन देवबहादुर मश्राङ्गी, ऋषिराम अर्याल, टेकबहादुर कार्की, अनुराधा बज्राचार्य, गोपालबहादुर पि.सी, लक्ष्मण भण्डारी,जीवन रायमाझी,गणेश बस्याल,शिष्टर एनिस जोसेफ निर्विरोध निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

प्रेमराज खराल
प्रिन्सिपल
एवं
यमबहादुर चिदी
अध्यक्ष

**माउण्ट भ्याली इङ्गलिस स्कुल परिवार**
**माथागढी-३, कसेनी, सराई, पाल्पा**








हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई